# बुढीगंगा सिप विकास तथा प्रशिक्षणकेन्द्र

# (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०७९

बुढीगंगा नगरपालीका

नगर कार्यपालीकाको कार्यालय

कुल्देवमाण्डौं, बाजुरा

# बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्र (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०७९

**प्रस्तावनाः**

बुढीगंगा नगरपालीकाका नागरिकलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको माग अनुकुलको ज्ञान तथा सीप प्रदान गरी रोजगारीका अवसरहरुको उपयोग गर्न सक्षम, सिपयुक्त र दक्ष जनशक्तिको उत्पादन गरेर बेरोजगारी तथा गरिबी न्युनीकरणमा ठोस योगदान पुर्याउने लक्षका साथ बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन, विभिन्न विषयहरुका सीपमुलक तालिमहरु प्रदान गर्नुका साथै उनिहरुलाई व्यवसाय संचालनका लागी अनुदान सहयोग उपलव्ध गराई परिवर्तीत समयानुकुल श्रम वजारमा सिपयुक्त, दक्ष जनशक्ति उत्पादनका माध्यमवाट रोजगारी सृजना गरी विद्यमान वेरोजगारी समस्याको न्युनिकरण गर्दै रोजगारी तथा व्यवसायका माध्यमवाट गरिवि निवारणमा योगदान पुर्याउन नगरपालीकाका विभिन्न भागमा छरिएर रहेका युवाहरुलाई सीपमूलक तालिममा पहुँच अभिवृद्धि गर्नुका साथै सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरीस्वरोजगार बनाउने उद्देश्यले बुढीगंगा नगरपालीकाको पुर्ण स्वामित्वमा रहने गरीएक छुट्टै संस्थाकारुपमा बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको स्थापना गरी संचालन गर्न वाञ्छनिय भएकोले,
बुढीगंगा नगरकार्यपालीकाको नगर सभाले यो ऐनको तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस ऐनको नाम **"बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्र (सञ्चालन तथाव्यवस्थापन) ऐन, २०७९"**रहेकोछ ।

२) यो ऐन बुढीगंगा नगरपालीकाको नगरसभावाट पारित भई नगरपालीकाको स्थानिय राजपत्रमा प्रकासित भए पछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः**

(क) "सभा" भन्नाले बुढीगंगा नगरपालीकाको नगर सभालाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बुढीगंगा नगरपालीकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "प्रमुख" भन्नाले बुढीगंगा नगरपालीकाकोनगर प्रमुखलाई सम्झनुपर्छ ।

(घ) "उपप्रमुख"भन्नाले बुढीगंगा नगरपालीकाकोउपप्रमुखलाईसम्झनुपर्छ

(ङ) "वडाध्यक्ष"भन्नाले बुढीगंगा नगरपालीकाका वडाध्यक्षलाई सम्झनुपर्छ

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुढीगंगा नगरपालीकाकोप्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "परिषद"भन्नाले दफा७ वमोजिम गठित बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको परिषद्लाई सम्झनु पर्छ ।

(ज) "केन्द्र" भन्नाले बुढीगंगा सिप विकासतथा प्रशिक्षण केन्द्र लाई सम्झनुपर्दछ ।

(झ) "सञ्चालक समिति" भन्नाले दफा ९ वमोजिम गठित बुढीगंगा सिप विकासतथा प्रशिक्षण केन्द्रको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(ञ) "पदपुर्ति समिति" भन्नाले केन्द्रलाई आवश्यक पर्ने कर्मचारी भर्नाकोसिफारिस गर्न अधिकार प्राप्त नगरपालीकाको कर्मचारी पदपुर्ति समिति सम्झनु पर्दछ ।

(ट) "तोकिएको"वा"तोकिएबमोजिम" भन्नाले नगर कार्यपालिकाले समयसमयमा कानुन, कार्यविधि निर्माण गरी वा कार्यपालीका वाट निर्णय गरि तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ठ)"कार्यकारी अधिकृत "भन्नाले बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको कार्यकारी अधिकृतलाई सम्झनु पर्दछ ।

(ड)"व्यवसाय संचालन कोष" भन्नाले बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको व्यवसाय संचालन कोषलाई सम्झनु पर्दछ ।

## परिच्छेद–२ बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको स्थापना, उदेश्य र नीति

**३ बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको स्थापनाः**

(१) बुढीगंगा नगरपालीकामा वेरोजगार युवा जनशक्तिलाई व्यवसायीक एवम सिपमुलक तालिम दिई उनिहरुलाई व्यवसाय संचालन कोषवाट आर्थिक सहयोग उपलव्ध गराई स्वरोजगारमुलक दक्ष, सिपयुक्त र व्यवसायीक स्वरोजगारमुलक जनशक्तिउत्पादन गर्नको लागि बुढीगंगा नगरपालीकामा बुढीगंगा सिप विकास तथा प्रशिक्षण केन्द्रको स्थापना गरिएको छ ।

(२) सिप विकासतथा प्रशिक्षण केन्द्रलाई अंग्रेजी भाषामा **"Budhiganga Skill Development and Training Center (BSDTC) "**भनिनेछ ।

४.सिप विकास तथा प्रशिक्षण केन्द्र संगठित संस्था हुनेः

(१) सिप विकास तथा प्रशिक्षण केन्द्र एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) केन्द्रको अनुसुचि १ अनुसारको आफ्नो एउटा छुट्टै लोगो तथा छाप हुनेछ ।

(३) केन्द्रले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन वाअन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र केन्द्र उपर पनिव्यक्ति सरह नालिस उजुर लाग्न सक्नेछ ।

(५) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रको आफ्नो कार्यसंचालन र व्यवस्थापनको सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा कार्यविधिद्वारा व्यवस्थित कार्य प्रणाली अनुसार हुनेछ ।

**५.केन्द्रको उद्देश्य देहाय वमोजिम हुनेछः**

(क) बुढीगंगा नगरपालीकाका नागरिकलाई स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको मागर आवश्यकता अनुसार सक्षम, सिपयुक्त र दक्ष जनशक्तिको उत्पादन गर्न छोटो तथा लामो अवधिका तालिम तथा प्रशिक्षण संचालन गरी सिपयुक्त दक्ष जनशक्तिको उत्पादन गर्ने ।

(ख) स्वरोजगारमुलक युवा दक्ष जनशक्तिको उत्पादन तथा व्यवसायका माध्यमवाट रोजगारीको सृजना गरी गरिवि निवारणमा टेवा पुर्याउने ।

(ग) बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन, विभिन्न विषयहरुका सीपमुलक तालिमहरु प्रदान गरिसके पश्चात उनिहरुले संचालन गर्न चाहेको व्यवसायका संचालन गर्नका लागी व्यवसाय संचालन कोषवाट अनुदान सहयोग उपलव्ध गराउने ।

(घ) माग एवम आवश्यकता अनुसार बुढीगंगा नगरपालीका वाहेकका अन्य निकायहरुवाट अनुरोध भई आएमा उनिहरुको माग एवम आवश्यकता अनुसार आपसी सम्झौताका आधारमा प्रशिक्षण तथा तालिम कार्यक्रमहरु संचालन गर्ने ।

(ङ) सिपमुलक तालिम, व्यवसाय वा अन्य यससँग सम्वन्धित प्रशिक्षणलाई वढी उपयोगी वनाउन र आवश्यक सुझाव सल्लाह एवम परामर्स तथा व्यवसाय सुचना उपलव्ध गराउने सम्वन्धि कार्यक्रम संचालन गर्ने ।

(च)तालिम तथा प्रशिक्षण कार्यक्रम संचालनका क्रममा उत्पादित सामग्रीको विक्रिवितरणका लागि विक्रि कक्ष स्थापना गरी सहुलियत मुल्यमा उत्पादित सामग्रीको विक्रि गर्ने ।

**६. केन्द्र संचालन सम्वन्धि नीतिः**केन्द्रवाट संचालन गरिने सिपयुक्त तालिम, प्रशिक्षण र व्यवसाय संचालनका लागि दिईने अनुदान सम्वन्धि नीति देहायवमोजिम हुनेछ ।

(क) तालिम, प्रशिक्षण र व्यवसाय संचालन अनुदान कार्यक्रमलाई केन्द्रको अभिन्न अङ्गको रुपमा विकास गर्ने ।

(ख) तालिम, प्रशिक्षण र व्यवसाय अनुदान कार्यक्रमलाई संघीय तथा प्रदेस सरकार र प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्का कार्यक्रमसँग आवद्ध गर्ने ।

(ग) यस केन्द्रवाट संचालन हुने तालिम तथा प्रशिक्षण कार्यक्रमलाई प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषदसँग समन्वय एवम सहकार्य गरी सिप परिक्षण गराई विभिन्न तहको सिप परिक्षण प्रमाणपत्र उपलव्ध गराउने ।

(घ)तालिम, प्रशिक्षण र व्यवसाय अनुदान कार्यक्रममा ईमान्दार, मेहनती र लगनशिल सिप सिक्न तथा व्यवसाय संचालन गर्न इच्छुक वेरोजगार,विपन्न, सामाजिकरुपमा पिछडियका समुदाय र व्यक्तिहरुका साथै महिलालाई प्राथमिकता दिईने छ ।

(घ) व्यवसाय संचालन कोषवाट लगानी गर्दा पुर्ण अनुदानकारुपमा नभई सहुलियतपुर्ण कर्जाकारुपमा आर्थिक सहयोग उपलव्ध गराईने छ ।

(ङ) तालिम तथा प्रशिक्षण कार्यक्रम संचालनकाक्रममा उत्पादित सामग्रीहरुको एक छुट्टै विक्रि कक्ष तयार गरी सुपथ मुल्यमा विक्रि वितरण गरि सिप विकास केन्द्रको आम्दानीमा वृद्धि गरिने छ ।

(च)माग एवम आवश्यकता अनुसार अन्य निकायहरुका तालिम तथा प्रशिक्षण कार्यक्रमहरु पनि संचालन गरिने छ ।

(छ) तालिम, प्रशिक्षण र व्यवसाय संचालन अनुदान कार्यक्रमलाई प्रभावकारी वनाउन आवश्यकता अनुसार संघीय तथा प्रदेस सरकार र प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद्सँग सहकार्य गरि अनुदानका लागि प्रस्ताव पेश गरिने छ ।

(छ)केन्द्रको कार्यक्रमलाई प्रभावकारी वनाउन विभिन्न व्यापारी, व्यवसायी र निजि कम्पनिसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

(ज) केन्द्रवाट उत्पादित जनशक्तिलाई पहिलो प्राथमिकतामा व्यवसाय संचालन गर्न लगाईने छ भने व्यवसाय संचालन नगरी रोजगारीमा प्रवेस गर्न चाहने सिपयुक्त जनशक्तिका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकाय र निजी उद्योगी व्यवसायीसँग आवश्यक पहल र सहकार्य गरिने छ ।

(झ) उद्यम व्यवसाय संचालन गर्नका व्यवसाय संचालन कोषवाट दिईने व्यवसाय अनुदान तोकिए वमोजिमको सर्तका आधारमा मात्रै दिईनेछ भने निश्चित समय पछि उक्त अनुदानको साँवा रकम फिर्ता गर्नुपर्नेछ ।

## परिच्छेद–३

## केन्द्र परिषद् र संचालक समितिको गठन,काम, कर्तव्य र अधिकार

**७. केन्द्र परिषद् गठनः** (१) सिप विकास तथा प्रशिक्षण केन्द्रको सर्वोच्च निकायको रुपमा देहाय वमोजिमका सदस्यहरु भएको एक परिषद्को गठन हुनेछः

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उपप्रमुख– सदस्य

(ग) सवै वडाका वडा अध्यक्ष– सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

(ङ)नगरपालीका अन्तरगत सम्वन्धित महाशाखा तथा शाखा प्रमुख– सदस्य

(च) प्राविधिक विषय अध्ययन गराईररहेका विद्यालयहरुका प्रधानाध्यापकहरु मध्ये सवै भन्दा जेष्ठ विद्यालयको प्रधानाध्यापक – सदस्य

(छ) उद्योग वाणिज्य संघ अन्तरगत नगरपालिका हेर्ने समितिको अध्यक्ष वा संघले तोकेको व्यक्ति – सदस्य

(ज) केन्द्रका कार्यकारी अधिकृत –सदस्य–सचिव

(२) परिषद्को बैठक आवश्यकताअनुसार वस्नेछ ।

(३) परिषद्को बैठकको कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(८) परिषद्को काम, कर्तव्य र अधिकारः यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्तपरिषद्को काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) केन्द्रवाट संचालन गरिने तालिम,प्रशिक्षण र अनुदान कार्यक्रम सम्बन्धी नीतिनिर्धारण गर्ने ।

(ख) केन्द्रको नियमावली तथा आवश्यक कार्यविधि वनाउने र स्वीकृतका लागी कार्यकालीकामा पेश गर्ने ।

(ग) केन्द्रको दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(घ) केन्द्रको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्यांकन गर्ने र वजेटस्वीकृत गर्ने ।

(ङ) संचालक समिति तथा केन्द्रलाई आवश्यक सुझाव, सल्लाह तथा आवश्यक निर्देशन दिने ।

**९. संचालक समिति गठनः** (१) सिप विकास तथा प्रशिक्षण केन्द्रको उद्देश्य एवं नीति अनुरुप तालीम, प्रशिक्षण र व्यवसाय अनुदान कार्यक्रमलाई सुव्यवस्थित रुपले संचालन गर्न गराउन देहाय वमोजिमका सदस्यहरु भएकोएक संचालक समितिको गठन हुनेछः

(क) नगरपालीकाको प्रमुख प्रशासकिय अधिकृत– अध्यक्ष

(ख) विषयगत समिति अन्तरगत आर्थिक समिति संयोजक– सदस्य

(ग) परिषदवाट मनोनितगरेका कार्यपालीका सदस्य महिला र पुरुष गरी दुई जना – सदस्य

(ध) सम्वन्धित वडाको वडा अध्यक्ष – सदस्य

(ङ)सम्वन्धित विषय हेर्ने महाशाखा/शाखा प्रमुख– सदस्य

(च) प्राविधिक शिक्षा अध्ययन गराईरहेका विद्यालय मध्ये परिपदवाट मनोनित प्रधानाध्यापक एक जना –सदस्य

(छ) परिषदवाट मनोनित सम्वन्धित विषयका विज्ञ मध्ये एक जना महिला सहित तीनजना व्यक्ति – सदस्य

(ज) केन्द्रको कार्यकारी अधिकृत – सदस्य–सचिव

(२) समितिले आवश्यक देखेमा कुनै विषय सँग सम्वन्धित विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भागलिनको लागि आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको मनोनित सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ । समितिका सदस्यहरुको पाउने पारिश्रमिक तथा अन्य सुविधा तोकिए वमोजिम हुनेछ ।

(४) समितिको वैठक आवश्यकतानुसार वस्नेछ ।

(५) समितिको वैठकको गणपूरक संख्या तथा अन्य कार्यविधि तोकिए वमोजिम हुनेछ ।

**(१०) समितिको काम, कर्तव्य र अधिकारः समितिको काम,कर्तव्य र अधिकार देहाय वमोजिमहुनेछ**

(क) केन्द्र मार्फत संचालन हुने तालिम, प्रशिक्षण र अनुदान कार्यक्रमलाई प्रभावकारी वनाउन केन्द्रलाई आवश्यक सुझाव, सल्लाह र निर्देशन दिने ।

(ख) केन्द्रमा आईपरेका समस्याहरुका तथा तिनका समाधानका उपायहरु र नविनतम सोचका वारेमा समय समयमा सभार गोष्ठी एवं सम्मेलनको आयोजना गर्ने ।

(ग) तालिम,प्रशिक्षण र व्यवसाय अनुदान सम्वन्धी कार्यक्रमहरु संचालन गर्ने ।

(घ) नगरपालीका, प्रदेस र संघ सरकारका साथै तालिम, प्रशिक्षण तथा व्यवसायीक अनुदान उपलव्ध गराउने अन्य सरकारी तथा गैर सरकारी कार्यालयसँग सहकार्यका लागि आवश्यकसम्पर्क एवम समन्वय गर्ने ।

(ङ) परिषद् मार्फत नगरपालीकालाई तालिम, प्रशिक्षण र अनुदान कार्यक्रम सम्वन्धी नीति, योजनातथा कार्यक्रम तर्जुमा गर्नराय सल्लाह दिने ।

(च) केन्द्रको तालिम, प्रशिक्षण र अनुदान कार्यक्रम सम्वन्धी नीति तथा कार्यविधि तर्जुमा गर्ने ।

(छ) केन्द्रको दिर्घकालीन योजना तजुमा गर्ने ।

(ज) केन्द्रको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने ।

(झ) केन्द्रको लागि आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना र तिनीहरुको नियुक्तिका लागि परिषद् तथा पदपुर्ति समिति समक्ष अनुरोध गर्ने ।

(ञ) तालिम, प्रशिक्षण र अनुदान कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने ।

(ट) तालिम तथा प्रशिक्षणको क्षेत्रमा नेपाल सरकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको वीच सम्पर्क माध्यमकोरुपमा काम गर्ने ।

(ठ) तालिम, प्रशिक्षणर अनुदानलाई उपलव्धिमुलक तथा व्यवहारिक वनाउन विभिन्न क्षेत्रका अनुभवीव्यक्तिहरुका सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ड) केन्द्रको सम्पत्ति वेचविखन वा सम्पत्ति खरिद गर्नु पर्दा परिषद्कोस्वीकृति लिने ।

(ढ) ऐन, नियम वा विनियमको अधीनमा रही तालिम, प्रशिक्षण र अनुदान सम्वन्धी अन्य आवश्यक कार्य गर्ने।

(ण) केन्द्रका कामहरुलाई प्रभावकारी वनाउन अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद- ४

## सिप विकास तथा प्रशिक्षण केन्द्रका कर्मचारीहरु एवम निजहरुको सेवा शर्त सम्वन्धी व्यवस्था

**११. केन्द्रका कर्मचारीहरु सम्वन्धी व्यवस्थाः**

(१) सिप विकास तथा प्रशिक्षण केन्द्रमा निम्न किसिमका कर्मचारी रहने छन् ।

(क) प्रशासकीय तथा व्यवसाय संचालन अनुदान व्यवस्थापन सम्वन्धि कर्मचारी

(ख) तालिम तथा प्रशिक्षणसँग सम्वन्धित कर्मचारी

(२) केन्द्रको प्रमुखको रुपमा अधिकृत स्तर छैठौ वा सो सरहको एकजना कार्यकारी अधिकृत रहनेछ । निजको नियुक्ति नगर कार्यपालीकाको पदपुर्ति समितिवाट हुनेछ । निजको कार्यअवधि पाँच वर्षको हुनेछ र नगर कार्यपालीकाले चाहेमा निजको कार्यअवधि पुनः वढीमा पाँच वर्षको लागि एक कार्यकाल थप गर्न सक्नेछ ।

(३)कार्यकारी अधिकृतका लागि मान्यताप्राप्त शिक्षण संस्थावाट स्नातक उपाधि हाँसिल गरी सम्वन्धित क्षेत्रमा कम्तिमा तिन-पाँच वर्षको अनुभव भएको हुनुपर्नेछ भने उमेरको हकमा १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनु पर्नेछ ।

(४) सिप विकास तथा प्रशिक्षण केन्द्रमा कार्यालय संचालन तथा व्यवसाय संचालन कोष संचालनका लागि अन्य निम्नानुसारका कर्मचारीहरु रहनेछन् ।

प्रशासन सहायक चौथो/पाँचौं – १ जना

लेखा सहायक चौथो/पाँचौं – १ जना

कार्यालय सहयोगी – १ जना

अन्य कर्मचारीहरुको हकमा उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(४) कर्मचारीहरु नियुक्त गर्दा स्वीकृत दरवन्दी अनुसार नगरकार्यपालीकाको पदपुर्ति समितिले नियुक्त गर्नेछन् भने आवश्यकता अनुसार थप कर्मचारीको दरवन्दी सृजना, दरवन्दी स्वीकृत र पदपुर्ति समेत नगरकार्यपालीकावाट गरिने छ ।

(५) केन्द्रका कर्मचारीहरुको पारिश्रमिक,सेवाको शर्त एंव सुविधा नेपाल सरकारको सेवा सुविधा अन्तरगत रही स्थानिय सरकारवाट तोकिए वमोजिमहुनेछ ।

**१२. कार्यकारी अधिकृत र अन्य कर्मचारीको काम, कर्तव्य र अधिकारः**

(१) कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) परिषद् तथा समितिको निर्णय एंव निर्देशनहरु कार्यान्वयन गराउने ।

(ख) केन्द्रको दिर्घकालिन योजना र वार्षिक कार्यक्रम तथा बजेट समिति मार्फतपरिषदमा स्वीकृतिको लागि पेश गर्ने ।

(ग) परिषद् वाट स्वीकृत केन्द्रको दिर्घकालिन योजना र वार्षिक कार्यक्रमकोकार्यान्वयन गर्ने ।

(घ) केन्द्रका प्रगति विवरणहरु समय समयमा समितिमा प्रस्तुत गर्ने, गराउने ।

(ङ) केन्द्रको तालिम, प्रशिक्षण र अनुदान कार्यक्रमको आन्तरिक अनुमगन तथा मूल्यांकन गर्ने, गराउने ।

(च) संघ, प्रदेस र नगरपालीका तथा अन्य सम्वन्धित सरकारी तथा गैर सरकारी कार्यालय तथा संस्थाहरुसंग आवश्यक सम्पर्क एवव समन्वय गर्ने ।

(छ) केन्द्र सम्वन्धि अन्य कार्यहरु गर्ने,गराउने ।

(२) कार्यकारी अधिकृत वाहेक अन्य कर्मचारीहरुको काम,कर्तव्य र अधिकार तोकिएवमोजिम हुनेछ ।

## परिच्छेद–५

## कोषको संचालन तथा लेखापरिक्षण

**१३. व्यवसाय संचालन कोष**

(१) केन्द्र तथा अन्य निकायवाट संचालित व्यवसायीक सिपमुलक तालिम तथा प्रशिक्षण प्राप्त गरेका नगरपालीका भित्रका व्यक्तिलाई व्यवसाय संचालन गर्नका लागी केन्द्रको तर्फवाट आर्थिक सहयोग उपलव्ध गराउने गरी सिप विकास तथा प्रशिक्षण केन्द्र अन्तरगत एक छुट्टै व्यवसाय संचालन कोषको व्यवस्था गरिनेछ ।

(२) यो कोषवाट प्रदान गरिने अनुदान रकम निश्चित समयावधिका लागि तोकिएको सर्तमा व्यवसायको प्रकृति तथा लागत अनुमानका आधारमा संचालक समितिले स्वीकृत गरे वमोजिम हुनेछ भने यस्तो प्रकृतिको अनुदानसतप्रतिशत अनुदान नभई सहियतपुर्ण अनुदान हुनेछ । यसरी प्राप्त गरेको अनुदान रकमको साँवा रकम तोकिएको समयावधिमा अनुदान ग्राहीले व्यवसाय अनुदान कोषमा अनिवार्यरुपमा फिर्ता गर्नुपर्नेछ ।

(३) व्यवसाय संचालन कोष तथा यसको परिचालन सम्वन्धिव्यवस्था तोकिए वमोजिम हुनेछ ।

**१४. केन्द्रको कोषको संचालन र लेखापरीक्षणः** केन्द्र संचालनका लागि एक छुट्टै कोष हुनेछ र उक्त कोषको परिचालन तथा लेखापरिक्षण हुने व्यवस्था हुनेछ ।

**१५. केन्द्रको कोष सम्वन्धि व्यवस्था**

(१) केन्द्रको आफ्नो एउटा छुटै कोष हुनेछ ।

(२) केन्द्रको कोषमा निम्न लिखित रकमहरु रहने छन् ।

(क) नेपाल सरकार अन्तरगत संघ, प्रदेस र स्थानिय सरकारवाट प्राप्त हुने अनुदान रकम ।

(ख) कुनै विदेशी निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुवाट प्राप्त हुने रकम ।

(ग) परार्मश सेवा एंव अनुसन्धानका साथै तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन गरे वापत प्राप्त हुने रकम ।

(घ) केन्द्रको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

(ङ) केन्द्रमा उत्पादित सामाग्री विक्रीबाट प्राप्त रकम,

(च)केन्द्रलाई प्राप्त हुने पुरस्कार, चन्दा, उपहार दान वा अन्य कुनै श्रोतवाट प्राप्त हुने रकम,

(३) कोषको सवै रकम नेपालको कुनै वाणिज्य बैंकमा आफ्नो छुट्टै खाता खोली जम्मा गरिनेछ ।

(४)केन्द्रको आफ्नो उद्देश्य अनुरुपको कार्य गर्नको लागि चाहिने खर्चको रकमहरुउपदफा (१) वमोजिमको कोषवाट व्यहोरिने छ ।

**१६. कोष संचालन तरीकाः** केन्द्रको आम्दानी खर्चको लेखा नेपाल सरकारको प्रचलितनियम अनुसार तोकिएको तरीका र ढाँचा बमोजिम हुनेछ ।

**१७. लेखापरिक्षणः**

(१) केन्द्रको लेखापरीक्षण नगरपालीकाको आन्तरीक लेखा परिक्षकवाट आन्तरीक लेखा परिक्षण हुनेछ भने महालेखा परिक्षकको कार्यालयवाट वार्षिक लेखा परिक्षण हुनेछ ।

(२) केन्द्रको लेखापरीक्षण सम्वन्धी अन्य कुरा तोकिए वमोजिम हुनेछ ।

३)कार्यपालिकाले चाहेमाकेन्द्रको लेखा सम्बन्धी कागजातहरू रअन्यनगदी तथा जिन्सी स्रेस्ता समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउनसक्नेछ ।

## परिच्छेद –६

## प्रशिक्षण तथा तालिम संचालन र पाठ्यक्रम

**१८. तालिम तथा प्रशिक्षण एकिन गर्नेः**

(१) केन्द्रले नगरपालीकाको युवा वेरोवजगार जनशक्तिका लागि उनिहरुको माग र आवश्यकता अनुसारका तालिम तथा प्रशिक्षण कार्यक्रमको यकीन गर्न समय समयमा सर्भेक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम भएको सर्भेक्षण प्रतिवेदनको आधारमा तालिम तथा प्रशिक्षणको पाठ्यक्रमतथा कार्यक्रम निर्धारण गरिने छ ।

**१९. अन्य तालिम तथा प्रशिक्षणको मुल्याङ्कनः**

(१) केन्द्रले नगरपालीका अन्तरगत संचालन हुने तालिम तथा प्रशिक्षण कार्यक्रमहरुको समय समयमा मूल्यांकन गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम गरिएको मूल्यांकनको आधारमा केन्द्रले आफ्नो तालिम तथा प्रशिक्षणकार्यक्रममा आवश्यकतानुसार संशोधन वा परिवर्तन गर्न परिषद् मार्फत नगरकार्यपालीकालाई सुझाव दिन सक्नेछ ।

**२०.तालिम तथा प्रशिक्षण पद्धतिः**प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारीआधुनिक र प्रयोगात्मक प्रशिक्षण विधिहरु तालिम तथा प्रशिक्षण कार्यक्रममा प्रयोग गरिनेछ ।

**२१. तालिम तथा प्रशिक्षण सामग्रीः**केन्द्रको तालिम तथा प्रशिक्षण कार्यक्रमहरुको लागि नेपालको आर्थिक, सामाजिक,राजनैतिक एवं, सांस्कृतिक परिप्रेक्ष्यमा मेल खाने र सैद्धान्तिक दृष्टिकोणवाट उपोयोगी हुनेतालिम तथा प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ ।

**२२. पाठ्यक्रमः** तालिम तथा प्रशिक्षण कार्यक्रमलाई वढी फलदायी एवं प्रभावकारी वनाउन पाठ्यक्रममासैद्धान्तिक एवं व्यवहारिक दुवै पक्षमा जोड दिइनेछ ।अधिकृत स्तर छैठौं,सहायक पाचौ र सहायक चौथोको पहिलो पत्र वहुवैकल्पित

तथा दोस्रो पत्र विशेषगरी सिपमुलक तालिम तथा प्रशिक्षण कार्यक्रमहरु संचालन हुने भएकोले सैद्धान्तिक भन्दा पनि व्यवहारिक एवम प्रयोगात्कम पक्षमा विशेष जोड दिई पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिने छ ।

पाठ्यक्रम अनुसुचि-१ बमोजिमको हुनेछ ।

**परिच्छेद–७**

## विविध

**२३. प्रतिवेदन पेश तथा प्रकाशित गर्नुपर्नेः** केन्द्रले प्रत्येक वर्ष सम्पन्न भएका कार्यक्रम तथा क्रियाकलाप सम्वन्धीप्रतिवेदन तयार गरी नगर सभामा पेश गर्नुका साथै सार्वजनिक रुपमा प्रकाशित गर्नुपर्नेछ भने मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरी नगरकार्यपालीकामा पेश गर्नुपर्नेछ ।

**२४. अधिकार प्रत्यायोजनः**समितिले यो ऐन वमोजिम आफूले पाएको अधिकारमध्ये सवै वा केहीअधिकारकेन्द्रको कार्यकारी अधिकृत वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। कार्यकारी अधिकृतले ऐन नियम अन्तर्गत आफूले पाएको अधिकार मध्ये सवै वा केहीअधिकार केन्द्रको अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**२५. नगरकार्यपालीका सँग सम्पर्कः** केन्द्रले नगरकार्यपालीका सँग सम्पर्क राख्दा सोझै वा संचालक समिति मार्फत सम्पर्क राख्नेछ ।

**२६. विनियम तथा कार्यविधि बनाउनेः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि संचालक समिति तथा परिषद्को सिफारिसमा नगरकार्यपालीकाले आवश्यक विनियम वनाउनसक्नेछ ।

(२) केन्द्रको अन्य आवश्यक काम कारवाहीको लागि उप–दफा (१) अन्तर्गत बनेकोनियमावलीको अधीनमा रही समितिले आवश्यक कार्यविधि वनाई नगर कार्यकापलीका वाट स्वीकृत गराई लागु गर्न सक्नेछ । सञ्चालकसमिति गठन नभएसम्म कार्यपालिकाले आवश्यक कार्यविधि तर्जुमा गरीलागु गर्न सक्नेछ ।

**२७. संशोधन तथा खारेजीः**नगर सभाले तथा नगरसभाको प्रत्यायोजित अधिकारको उपयोग गरि कार्यपालिककाले आवश्यक ठानेमा यो ऐनमा उल्लेखितप्रावधानहरु समयानुकुल संशोधन तथा खारेजी गर्न सक्नेछ । यो

ऐनमालेखिएका कुराहरु नेपालको संविधान २०७२ र संघीय तथा प्रादेशिक कानुनसँग वाझिएमा वाझिएकोहकमा स्वत खारेज हुनेछ ।

अनुसुचि  १ केन्द्रको छाप तथा लोगो

अनुसुचि-१

१.अधिकृत स्तर छैटौ तह/पाचौ र चौथो तहका लागि

१.लिखित परीक्षा- प्रथम चरण

प्रशासनिक अभिरुचि परिक्षण-५०*२

१.नेपाल तथा विश्वको भौतिक,सामाजिक तथा आर्थिक भुगोल,विश्वका प्रमुख ऐतिहासिक घटनाहरु,नेपालका प्रचलित धर्म संस्कृति जातजाति भाषा साहित्य र कला ८*२

२. नेपालको अर्थतन्त्र सम्बद्द योजना,आर्थिक वृदि विकासका सवालाहरु र नेपालको लोकतन्त्रमा भएका जनआन्दोलनहरु७*२

३. संविधान,राजनितिक व्यवस्था,नेपाला विकासका पूर्वाधारहरु(कृर्षि,उद्योग,व्यापार,पर्यटन,स्वास्थ्य,संचार)५*२

४.दिगो विकास, जलवायु परिवर्तन,वातावरणिय पारिस्थितिक५*२

५.सार्क सदस्य राष्ट्रहरु तथा चिन,सयुक्त अधिराज्य जापान५*२

५.राष्टिय तथा अन्तराष्ट्रिय महत्वका समसामयिक घटना तथा नविनतम गतिविधिहरुः राजनितिक सामाजिक सांस्कृतिक आर्थिक वैज्ञानिक खेलकुद पुस्तक पुरस्कार कला साहित्य र संगितसंग सम्बन्धित सवालहरु ।५*२

६. बुढीगंगा नगरपालिका सिप विकास तथा प्रशिक्षण केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९ ५*२

**७.Verbal Reasoning such as series,analogy,classification,coding-decoding,insert the messing character,commonproperty,matrices,direction and distance sencetext,ranking order.**४*२

**८. Non-verbal reasoning such as series,analogy,classification,matrices,constructions of squares and triangles,profit, loss,ratio and tome and work** ५*२

**९.General mental ability,logical reasoning** १*२

२.लिखित परीक्षा-दोस्रो चरण (अधिकृत स्तर छैटो तह)

सेवा सम्बन्धि,समसामयिक सवाल तथा शासन १०*१०

१.सिप विकासको अवधारणा र बुढीगंगा नगरपालिकामा औचित्यता,सम्भावना, अवसर,समस्या र समाधानका उपायहरु, बुढीगंगा नगरपालिका सिप विकास तथा प्रशिक्षण केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९

२.सिप विकास केन्द्र संचालन तथा व्यवस्थापनमा पारदर्शिता,उत्तरदायित्व र जवाफदेहिता

३.सार्वजनिक-निजि साझेदारी,सिप विकासमा स्थानिय स्रोत परिचालन तथा व्यवस्थापन

४.नेपालको संविधान (मौलिक हक,राज्यका निर्देशक सिद्दान्तर राज्यका नितिहरु)

५.सिप विकासमा सहकारीसंगको समन्वयको आश्यकता,सहभागितामुलक सिप विकासमा गैरसरकारी क्षेत्रको भुमिका

६.आर्थिक विकासका प्रमुख पक्षहरुःकृषि,उद्योग,व्यपार,पर्यटन,रोजगार तथा विकासका स्थानिय आश्यकता र प्राथिमकता

७.आयोजना व्यवस्थापन र परियोजना वैक

८.सिप विकास,रोजगार र गरिविको अन्तरसम्बन्ध

९.स्थानिय करका प्रकार,कर अधिकार र बुढीगंगामा सम्भावना

१०.आचारसंहिता अनुसासन सदाचार र स्थानिय तह तथा समन्वय र सहकार्य

११.सार्वजिनक खरिद व्यवस्थापन,बेरुजु तथा वेरुजु फछ्यौट सम्बन्धि व्यवस्था

१२.नागरिकबाट सिप विकास तथा प्रशिक्षण केन्द्रको संचालन तथा व्यवस्थापनको मूल्याङ्कन (सार्वजनिक सुनुवाई,तेस्रो पक्षको मूल्याङ्कना)

## ३. लिखित परिक्षा-दोस्रो चरण (पाचौ र चौथो तह)

सेवा सम्बन्धि,सामाजिक अध्ययन,कार्यालय संचालन तथा सामान्य गणित १२*५ र ४*१०

१.सिप विकासको अवधारणा र बुढीगंगा नगरपालिकामा औचित्यता,सम्भावना, अवसर,समस्या र समाधानका उपायहरु, बुढीगंगा नगरपालिका सिप विकास तथा प्रशिक्षण केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि-२०७९

२. धुमपान,मध्यपान र लागु औषध दूर्वेशनि नियन्त्रणमा सिप विकासको भूमिका

३.कर,करका सिद्दान्त,भन्सार तथा अन्तरशुल्क,स्थानिय तहको आर्थिक कार्यप्रणाली

४.नेपालको संविधान (मौलिक हक,अनुसुचिहरु) तथा बैठक व्यवस्थापन,माईन्यूट लेखन

५.अभिलेख व्यवस्थापनको परिचय,आवश्यकता,फाईलङ सम्बन्धि जानकारी,कार्यालय व्यवस्थापनमा सूचना प्रणालीको आवश्यकता

६. दोहोरो लेखा प्रणाली,सरकारी लेखा प्रणाली,लेखापरिक्षण सम्बन्धि जानकारी ।

७.गोश्वारा भौचर,बैक नगदी कितावर बजेट हिसाव

८. राजश्व र खर्चको फाटवारी र प्रतिवेदन

९.स्थानिय करका प्रकार,स्थानिय तहको राजश्व अधिकार र बुढीगंगामा सम्भावना

१०.आचारसंहिता अनुसासन सदाचार र स्थानिय तह तथा समन्वय र सहकार्य

११.सार्वजिनक खरिद व्यवस्थापन,बेरुजु तथा वेरुजु फछ्यौट सम्बन्धि व्यवस्था

१२.नागरिकबाट सिप विकास तथा प्रशिक्षण केन्द्रको संचालन तथा व्यवस्थापनको मूल्याङ्कन (सार्वजनिक सुनुवाई,तेस्रो पक्षको मूल्याङ्कना

१३.नाफा,नोक्सान र छुट,साधारण व्याज,औषत,मध्यक, मध्यिका

## ४. अन्तर्वाता- २०